हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर,सर्लाही
मधेश प्रदेश,नेपाल
२०७३

(आ.व. २०८२/०८३) वैठक नं.

आज मिति २०८२ साल माघ २१ गते बुधवारका दिन हरिपुर नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बावु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमित्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | विनय पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

हरिपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय हरिपुर, सर्लाही मधेश प्रदेश, नेपाल २०७३

मिति २०८२।१०।२१

**मिति २०८२/१०/२१ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु**

प्रस्तावहरु :

१. पूर्व निर्णयको समीक्षा सम्बन्धमा ।

२. लखनदेही खोलामा ह्यावी इक्युमेन्ट संचालन अनुमति दिने सम्बन्धमा ।

३. हरिपुर नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन२०८२ , सम्वन्धमा ।

४. खोलामा अतिरिक्त समयमा खटिएका कर्मचारीहरुलाई प्रोत्साहन रकम सम्वन्धमा ।

५. पदम भुवनेश्वरी आश्रमको रकम भुक्तानी सम्वन्धमा ।

६. वडा नं. ४ को छठपर्वको भुक्तानी सम्वन्धमा ।

७. राजिनामा स्वीकृत गरी ब्याकोलोडर (जे.सि.वी.) को सवारी चालक भर्ना गर्ने सम्वन्धमा ।

८. सफ्टवेयर प्रणाली जडान सम्वन्धमा ।

९. आर्थिक सहयोग सम्वन्धमा ।

१०. विविध सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्वन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ मा छलफल गर्दा हरिपुर नगरपालिका क्षेत्र भित्र रहेको लखनदेही खोलाको ठेक्का साकार गर्ने कम्पनीले खोलाबाट वालुवा, ग्राभेल विक्रि तथा ढुवानी गर्नका निम्ती मिति २०८२।०९।३० गते सवारी साधन (हेभी ईक्यूपमेन्ट) अनुमतिको माग निवेदन पेश गरेको र सो कार्यको लागि जिल्ला समन्वय समितिको कार्यालयमा पत्राचार गर्दा स्वीकृत प्रारम्भीक वातावरणीय प्ररिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार तोकेको स्थान तथा क्षेत्रहरुबाट ढुंगा, गिट्टी, बालुवा उत्खनन् विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ३ र दफा ४ मा उल्लेखित व्यवस्थाहरुको पालना गरी प्रारम्भीक वातावरणीय परिक्षण प्रतिवेदनको दफा ३.१(४) र ३.४ माग भएका देहायका सवारी साधनको उत्खन्न तथा विक्रिको लागि अनुमति दिने निर्णय गरियो ।

| क्र.सं. | ठेक्का साकार गर्ने फर्मको नामत् | सवारी साधनको नाम | सवारी साधनको नाम | सवारी साधनको नम्बर |
|---|---|---|---|---|
| १ | लखनदेही खोला | अमन निर्माण सेवा-लालबन्दी-२, सर्लाही | स्काभेटर-१ थान<br>टिपर-१ थान | बा. ३ क २७७६<br>प्र २-०३-००१ ख २८५२ |

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस हरिपुर नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन२०८२ लाई अनुमोदन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस हरिपुर नगरपालिकाको लखनदेही खोला र झिम खोलामा अतिरिक्त समयमा खटिएका कर्मचारीहरुलाई प्रोत्साहन रकम वापत प्रति दिन रकम खाजा नास्ता वापत रु. २००।०० का दरले दिने निर्णय गरियो ।

मिति २०८२।१०।२१

प्रस्ताव नं. ५ मा छलफल गर्दा यस नगरपालिकाको १५ औं नगरसभाको चालु आ.व. २०८२।०८३ को चालुगत खर्चको पेज नं. ५६ को सि.नं. १७४ को खर्च शिर्षक नं. २७२१९ मा पदम भुवनेश्वरी बृद्ध सेवाश्रम, लालबन्दी नगरपालिका-२, जुटपानी सर्लाहीलाई रकम रु. १०००००।०० विनियोजन भएको रकमबाट पदम भुवनेश्वरी बृद्ध सेवाश्रम, लालबन्दी नगरपालिका-२, जुटपानी सर्लाहीको प.सं. २०८२।०८३, च.नं. १४, मिति २०८२।०९।१४ गतेको वार्षिक अनुदान रकम निकासा सम्वन्धको पत्र, साथै बृद्ध सेवाश्रमको २०८१।०८२ को लेखापरीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन, संस्थाको करचुक्ता तथा प्रमाणपत्रहरु र कार्यसमितिको निर्णयको साथै विल भर्पाई बमोजिम यस हरिपुर नगरपालिकाको अनुदान वितरण सम्वन्धी मापदण्ड, २०८० अनुसार रकम रु. १०००००।०० पदम भुवनेश्वरी बृद्ध सेवाश्रम, लालबन्दी नगरपालिका-२, जुटपानी सर्लाहीलाई भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस हरिपुर नगरपालिका वडा नं. ४ को कार्यालयको प.सं. २०८२।०८३, च.नं. ८१९, मिति २०८२।१०।०४ गतेको प्राप्त पत्रानुसार छठपर्वको कार्य सम्पन्न भएको हुँदा ४ नं. वडाको वडास्तरीय योजना सि.नं. ७ को खर्च शिर्षक नं. २२५२२ मा रकम रु. १५००००।०० विनियोजन भएको रकमबाट लागत अनुमान तथा मूल्यांकन र विल भर्पाई बमोजिम रकम भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस हरिपुर नगरापालिका सर्लाहीमा ब्याकोलोडर (जे.सि.वी.) सवारी चालक पदमा कार्यरत श्री जितेन्द्र चौधरीले मिति २०८२।१०।१२ गते देखि लागु हुने गरी राजिनामा पेश गर्नु भएकोले सोही मिति देखि लागु हुने गरी निजको राजिनामा स्वीकृत भएको हुँदा सोहि मितिमा स्वीकृत भएको राजिनामालाई अनुमोदन गर्ने र रिक्त ब्याकोलोडर (जे.सि.वी.) सवारी चालक पदको भर्नाको लागि विज्ञापन प्रकाशन गरी छनौट प्रक्रियाको लागि जिल्ला ट्राफिक कार्यालय, नेत्रगंज, लालबन्दी, सर्लाहीलाई जिम्मा दिने निर्णय गरियो ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस हरिपुर नगरपालिका कार्यालयको योजना सम्वन्धी कार्य व्यवस्थित गर्न योजना ब्यवस्थापन प्रणाली सफ्टवेयर जडान गर्न यस नगरपालिकाको १६ औ नगरसभामा विनियोजन भएको बजेटवाट खर्च हुने गरी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. ९ मा छलफल गर्दा यस नगरपालिका कार्यालयमा विभिन्न मितिमा आर्थिक सहायताको लागि पेश भएको देहायका निवेदनहरुलाई श्रीमान् नगर प्रमुख ज्यूको तोक आदेश अनुसार आर्थिक सहायताको हरिपुर नगरपलिकाको आर्थिक सहायता वितरण कार्यविधि २०७९ मा परिच्छेद ३ मा ७ र ८ मा उल्लेख भए अनुसारको रकम आ.व. २०८२।०८३ को पन्ध्रौं नगरसभाको नगर विकास योजनाको हरिपुर नगरपालिकाको चालुगत खर्च शिर्षकमा विपन्न परिवारलाई आर्थिक सहयोग खर्च शिर्षकमा विनियोजन भएको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

मिति २०८२।१०।२१

| क्र.सं. | आर्थिक सहायताको लागि पेश भएको निवेदनको नाम | वार्ड नं. | ठेगाना | के कारण आर्थिक सहायता माग गरेको | वडा समितिको निर्णय मिति र पाना नं. | वडा कार्यालयको मिति, च.नं. | आर्थिक सहायता रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | हरि शंकर कुमर | २ | हरिपुर | स्वास्थ्य उपचार | | २०८२।१०।२० च.नं. ११६५ | १००००।०० |
| २ | ठगनी देवी कुमर | २ | हरिपुर | स्वास्थ्य उपचार | | २०८२।१०।२० च.नं. ११६४ | १००००।०० |
| ३ | नथुनी राय | ९ | हरिपुर | आगलगी परालमा | २०८२।१०।४ | २०८२।१०।७ च.नं. ६१७ | ६०००।०० |